# कक्षा १२ को नेपाली विषयमा आधारित स्तरीकृत प्रश्न निर्माण प्रक्रिया

**राजेन्द्र खनाल, पिएच.डी.**
उपप्राध्यापक
शिक्षाशास्त्र केन्द्रीय विभाग, त्रि.वि.
Email: sauravabhirk@gmail.com

**सार**

*यस लेखमा नेपाली विषयसँग सम्बद्ध स्तरीय परीक्षणका गुण, तिनको निर्माण प्रक्रिया तथा प्रश्नका उदाहरणसहित सैद्धान्तिक ज्ञान एवम् प्रयोगात्मक सिपसम्बन्धी धारणा प्रस्तुत गरिएको छ । यस लेखमा मूल्याङ्कनको परिचयात्मक पक्षसहित भाषिक मूल्याङ्कनका आधारभूत मान्यता, विशिष्टीकरण तालिका र त्यसको सान्दर्भिकता प्रस्तुत गरिएको छ । त्यस्तै, ब्लुम्सको शैक्षणिक क्षेत्रको तहगत वर्गीकरण एवम् नयाँ वर्गीकरणअनुसार ज्ञान, बोध, प्रयोग तथा उच्च दक्षतासँग सम्बद्ध प्रश्नहरू निर्माण गरी सोदाहरण चिनाइएको छ । परीक्षणको स्तरीकरणका लागि पूर्व परीक्षणसँग सम्बद्ध सबै प्रक्रिया, प्रश्नको विश्लेषण तथा प्रश्नको मानकीकरण र अन्तिमीकरणका सबै प्रक्रियालाई सूक्ष्म किसिमले चिनाइएको छ । वर्णनात्मक विधिको प्रयोग गरिएको यस लेखमा प्रश्न निर्माणका सैद्धान्तिक र प्रयोगात्मक पक्षलाई मिश्रित किसिमले प्रस्तुत गरिएको छ । यस लेखमा नेपाली विषयसँग सम्बन्धित व्याकरण, बोध, रचना तथा सिर्जनात्मक क्षेत्रसँग सम्बन्धित विषयवस्तुमा आधारित भई ब्लुम्सको शैक्षणिक क्षेत्रको तहगत वर्गीकरण एवम् नयाँ वर्गीकरणअनुसार ज्ञान, बोध, प्रयोग तथा उच्च दक्षतासँग सम्बद्ध प्रश्नहरू निर्माण गरी सोदाहरण प्रस्तुत गरिएको छ । परीक्षणको स्तरीकरणका चरणबद्ध प्रक्रियालाई पनि यहाँ सूक्ष्म किसिमले चिनाइएको छ । त्यस्तै, प्रश्नपत्रमा समाविष्ट प्रश्हरूको कठिनाइस्तर, वैधता, विश्वसनीयता, विभेदकारिताजस्ता गुणहरूको अनिवार्यताबारे स्पष्ट पारिएको छ । वास्तविक परीक्षणका लागि प्रश्नपत्रको अन्तिमीकरण गरिसकेपछि सोही व्यक्तिले कार्यसम्पादनपश्चात् प्रश्नपत्र खामबन्दी वा सिलबन्दी गरिसकेपछि अत्यन्त गोप्य रूपमा जिम्मेवार निकायमा बुझाउनुपर्ने सन्दर्भलाई पनि यस लेखमा प्रस्ट्याइएको छ । यस लेखलाई मूलतः कक्षा १२ को अनिवार्य नेपाली विषयमा केन्द्रित गरिएको भए पनि माध्यमिक तहमा स्तरीकृत प्रश्न निर्माणका समग्र प्रक्रिया उल्लेख गरिएकाले सम्बद्ध शिक्षक तथा प्राश्निकका लागि फलदायी हुने अपेक्षा गरिएको छ ।*

**शब्दकुञ्जी:** स्तरीकृत परीक्षा, विशिष्टीकरण तालिका, पूर्व परीक्षण, प्रश्न विश्लेषण, मानकीकरण

## परिचय

मूल्याङ्कन भनेको कुनै पनि व्यक्ति, विषय, वस्तु, कार्य आदिको लेखाजोखा गर्नु वा मूल्य निर्धारण गर्नु हो । मूल्याङ्कनलाई शैक्षणिक सन्दर्भमा विद्यार्थीको क्षमताको लेखाजोखा गर्नु, आवश्यक परामर्श दिनु, श्रेणी निर्धारण गर्नु भन्ने बुझिन्छ । अझ शैक्षणिक कार्यक्रमको समग्र लेखाजोखा गरी त्यसको स्तर निर्धारण गर्दै

आवश्यकताअनुसार सुधार गर्नु पनि मूल्याङ्कन नै हो । मूल्याङ्कनको क्षेत्र अत्यन्त विशद छ । चलिरहेको कार्यक्रमका नीति तथा प्रक्रियाको मूल्य निर्धारण गर्ने र कार्यक्रमका प्रत्येक अभिलक्षणका आधारमा तिनको विकल्प निर्धारण, प्रतिस्थापन तथा विच्छेदनका निम्ति मूल्याङ्कनले भूमिका खेल्छ (पाठक, २०१२ः पृ.१७)। मूल्याङ्कनले विद्यार्थीको क्षमता पहिचान गरी निर्णय दिने, शिक्षणको प्रभावकारिता पुष्टि गर्ने र पाठ्यांश परिष्कारमा सुझाव दिने कार्य गर्दछ (खनिया, २०१३ः पृ.१०३)। शिक्षार्थीको शैक्षणिक क्षमता पहिचान गर्न मूल्याङ्कन आवश्यक हुन्छ (रेजा. जे. एन्ड तबातबा एम., २०११ः पृ.३)। सिकारुका सान्दर्भिक सिप तथा व्यवहार जाँचका लागि मूल्याङ्कन फलदायी हुन्छ । शैक्षणिक प्रक्रियामा सबै किसिममा मूल्याङ्कनको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । अधिकांश शैक्षणिक कार्यक्रममा मूलतः आन्तरिक र बाह्य गरी दुई किसिमका मूल्याङ्कनलाई विशेष महत्त्व दिने गरिन्छ । आन्तरिक मूल्याङ्कन विशेषतः शैक्षणिक सक्षमता अभिवृद्धि र सुधारमा उपयोग गरिन्छ भने अन्तिम मूल्याङ्कन विद्यार्थीको स्तर निर्धारण गर्दै निर्णय दिन उपयोग गरिन्छ । मूल्याङ्कनका विविध स्वरूप तथा प्रकारहरू हुन्छन् ।

परीक्षणको प्रकृतिका आधारमा सैद्धान्तिक र प्रयोगात्मक गरी मूल्याङ्कन मूलतः दुई किसिमको हुन्छ । विद्यार्थीहरूको ज्ञान परीक्षणका लागि मूलतः सैद्धान्तिक मूल्याङ्कन गरिन्छ भने सिप परीक्षणका लागि प्रयोगात्मक मूल्याङ्कन गरिन्छ । तथापि, यिनको निरपेक्ष सम्बन्ध भने हुँदैन । विद्यार्थीहरूले प्राप्त गरेका ज्ञान तथा सिपहरूलाई के कसरी व्यवहारमा उतार्न सक्छन् भनी निर्क्योल गर्नका लागि प्रयोगात्मक मूल्याङ्कनको महत्त्व हुन्छ । लिखित परीक्षाका माध्यमबाट सैद्धान्तिक पक्षको परीक्षण हुन्छ भने परियोजना कार्य, प्रस्तुतीकरण, कार्यशाला तथा मौखिक परीक्षणका माध्यमबाट प्रयोगात्मक पक्षको परीक्षण गर्न सकिन्छ । भाषिक मूल्याङ्कनले शिक्षार्थीमा प्राप्त भाषिक सक्षमताको पहिचान गरी त्यसका आधारमा स्तर निर्धारण गर्नका लागि मूल्याङ्कन अनिवार्य हुन्छ । भाषिक मूल्याङ्कनका सन्दर्भमा मूलतः सुनाइ, बोलाइ, पढाइ, लेखाइलाई केन्द्र ठानिने उच्चारण एवम् स्मरणजस्ता दुईओटा अन्य सिपलाई पनि आधारभूत नै मानिन्छ ।

शिक्षार्थी, शिक्षक, पाठ्यक्रम, प्रशासन सबैको लेखाजोखा शिक्षार्थीको मल्याङ्कनबाट नै हुने भएकाले शिक्षार्थीको मूल्याङ्कनलाई प्राथमिकता दिइन्छ । यस लेखमा भाषिक मूल्याङ्कनका आधारभूत सैद्धान्तिक मान्यतालाई सटीक किसिमले प्रस्तुत गरिएको छ । त्यस्तै विशिष्टीकरण तालिका र त्यसको सान्दर्भिकता पनि उल्लेख गरिएको छ । यहाँ ब्लुम्सको शैक्षणिक क्षेत्रको तहगत वर्गीकरण एवम् नयाँ वर्गीकरणअनुसार ज्ञान, बोध, प्रयोग तथा उच्च दक्षतासँग सम्बद्ध प्रश्नहरू निर्माण गरी सोदाहरण चिनाइएको छ । भाषिक परीक्षणको स्तरीकरणका लागि पूर्व परीक्षणसँग सम्बद्ध सबै प्रक्रिया, प्रश्नको विश्लेषण तथा प्रश्नको मानकीकरण र अन्तिमीकरणका सबै प्रक्रियालाई प्रस्तुत लेखमा सूक्ष्म किसिमले चिनाइएको छ ।

## उद्देश्य

यस लेखको मूल उद्देश्य माध्यमिक तहमा कक्षा १२ को नेपाली विषयमा आधारित स्तरीकृत परीक्षणको सैद्धान्तिक र प्रयोगात्मक पक्ष प्रस्तुत गर्नु हो ।

## अध्ययन विधि र प्रक्रिया

प्रस्तुत लेख गुणात्मक ढाँचामा आधारित छ । यस लेखमा पुस्तकालीय अध्ययन प्रक्रियाबाट सूचना तथा तथ्यहरू सङ्कलन गरिएको छ । प्रस्तुतिमा मूलतः वर्णनात्मक विधि अपनाइएको छ । यस लेखमा भाषिक मूल्याङ्कनसँग सम्बद्ध सैद्धान्तिक मान्यता पहिचान गरिएको छ । यसमा भाषिक परीक्षणलाई स्तरीकरण गर्नका लागि आवश्यक चरण र तिनको उदाहरण प्रस्तुत गरिएको छ । यहाँ भाषिक पक्षसँग सम्बन्धित विविध क्षेत्र र तहसँग सम्बद्ध प्रश्नका नमुनासमेत समावेश गरी लेखलाई उपयोगी तुल्याइएको छ । यो लेख परीक्षणको सैद्धान्तिक र प्रयोगात्मक पक्षसँग सम्बिन्धित भएकाले मिश्रित प्रकृतिको बनेको छ ।

## व्याख्या विश्लेषण

### भाषिक मूल्याङ्कनका सिद्धान्तहरू

भाषिक मूल्याङ्कन गर्दा विविध पक्षमा विचार पु¥याउनुपर्छ । विभिन्न आधारमा भाषिक मूल्याङ्कनका उपकरण निश्चित गर्नुपर्छ । शर्मा र पौडेल (२०६८)ले भाषिक मूल्याङकनका सिद्धान्तका सम्बन्धमा मूलतः यी पक्षहरूलाई प्राधान्य दिएका छन्– **भाषापरकताः** जुनसुकै विधा वा पाठ वा सन्दर्भ वा प्रक्रियाबाट मूल्याङ्कन गरे पनि भाषाका कुनै न कुनै सिपको परीक्षण हुने खालको मूल्याङ्कन हुनुपर्छ । **उद्देश्यमूलकताः** भाषापाठ्यक्रमको उद्देश्यले अपेक्षा गरेका उपलब्धिमा केन्द्रित सिप तथा ज्ञानमा केन्द्रित मूल्याङ्कन हुनुपर्छ । **प्रयोजनीयताः** जुन प्रयोजनका निम्ति मूल्याङ्कन गर्न खोजिएको हो, सोही प्रयोजनका निम्ति मूल्याङ्कन गरिनुपर्छ, जस्तै : स्थान निर्धारण हो वा प्रमाणीकरण हो वा अनुसन्धानात्मक हो वा स्तरोन्नति हो आदि । **विशिष्टताः** कुनै निश्चित वा निर्दिष्ट एक पक्षमा विशिष्ट तवरले मूल्याङ्कन गर्नुपर्छ । जस्तै, शब्दभण्डार क्षमता परीक्षण हो वा श्रुतिलेखन क्षमता हो वा निबन्धलेखन क्षमता हो वा पठनबोध क्षमता हो । **सिपपरकताः** भाषिक मूल्याङ्कन भाषामा केन्द्रित हुने हुँदा सुनाइ, बोलाइ, पढाइ तथा लेखाइमध्ये कुनै न कुनै सिपमा आधारित हुनुपर्छ । ज्ञानपरक वा सूचनामूलक परीक्षणबाट भाषिक क्षमताको मापन गर्न सकिँदैन । **योजनाबद्धताः** योजनाबद्ध कार्यक्रमबाट मात्र सफलता हासिल गर्न सकिन्छ । कुन उद्देश्यका निम्ति कति समयमा कतिओटा उपकरणमार्फत् परीक्षण गर्ने भन्ने विषयमा परीक्षक प्रस्ट हुनुपर्छ । **सम्बन्धात्मकताः** परीक्षण गर्न लागेको पक्ष तथा परीक्षणका निम्ति अपनाउन लागिएको उपकरण वा युक्तिबिच अन्तरसम्बन्ध हुनुपर्छ । जस्तै : उच्चारण तथा सस्वरपठन परीक्षण गर्ने हो भने सम्बद्ध वर्ण, चिह्न, शब्द भएका अनुच्छेद वा पाठहरू उपयोगमा ल्याउनुपर्छ । **विद्यार्थी केन्द्रितताः** परीक्षण गर्दा कुन उमेर, स्तर, कक्षा तथा पृष्ठभूमिका विद्यार्थी हुन्, तिनको योग्यता तथा क्षमताअनुसारका युक्ति तथा प्रक्रिया अपनाई मूल्याङ्कन गर्नुपर्छ ।

भाषिक मूल्याङ्कन गर्दा विद्यार्थीहरूको उपलब्धि र क्षमता पहिचान श्रेणी निर्धारण गर्दै स्तरोन्नति त गरिन्छ नै, विद्यार्थीहरूमा रहेका सिकाइगत सीमा एवम् समस्याहरूको पहिचान गर्दै तिनको निराकरण पनि गरिन्छ । यस हिसाबले प्रयोजनका आधारमा भाषिक मूल्याङ्कनलाई दुई किसिमले अर्थ्याइएको पाइन्छ । **निर्माणात्मकः** शिक्षण सिकाइकै क्रममा तत्कालीन समस्या समाधानका लागि तथा सक्षमता सुधार र विकासका लागि यस्तो मूल्याङ्कन युक्ति उपयोग गरिन्छ । अनौपचारिक प्रक्रियासहित शिक्षार्थीमा निरन्तर उपयोग गरिन्छ भने यसबाट शिक्षार्थीलाई पृष्ठपोषण उपलब्ध गराउन सकिन्छ । **निर्णयात्मकः** सामान्यतः शिक्षण सिकाइको अन्त्यमा निर्णय दिन उपयोग गरिने मूल्याङ्कनलाई निर्णयात्मक मूल्याङ्कन भनिन्छ । यस्तो मूल्याङ्कन

योजनाबद्ध र औपचारिक प्रक्रियाबाट सम्पन्न गरिन्छ । शिक्षार्थीलाई प्रमाणपत्र उपलब्ध गराउन श्रेणी तथा स्तर निर्धारणसहित स्तरोन्नति गर्न र क्षमताको प्रमाणीकरण गर्नका लागि पनि यसकै उपयोग गरिन्छ ।

## प्रश्न निर्माण

असल प्रश्न निर्माण गर्नु विशष्टि सिप हो । विषयवस्तुको पूर्णता, अपेक्षित उपलब्धिको स्पष्ट निर्देश, विद्यार्थीको मनोवैज्ञानिक बुझाइ, निर्णयको निष्पक्षता, गुणगत दृढता तथा सिर्जनात्मकताको अपेक्षा भएका प्रश्न नै असल प्रश्न हुन् (मिलर, लिन एन्ड ग्रन्लन्ड, २००९: पृ. १७१)। प्रभावकारी ढङ्गले प्रश्न निर्माण गर्न सकिएन भने परीक्षणले विश्वसनीय र वैध नतिजा दिन सक्दैन (ह्युज, २०१०: पृ. २१५)। प्रश्न वैध, प्रस्ट, परीक्षणीय तथा परीक्षार्थीमैत्री भएमा मात्र मूल्याङ्कन प्रभावकारी भएको मान्न सकिन्छ (फल्चर एन्ड डेभिड्सन, २०११: पृ.१२२)। मूल्याङ्कनीय प्रश्नहरू पाठ्यक्रमका समग्र पाठ्यवस्तुलाई समेट्ने गरी प्रतिनिधिपरक आधारमा छनोटपूर्ण हिसाबले निर्माण गर्नुपर्छ (शर्मा र पौडेल, २०६८: पृ. ४९३)। प्रश्न निर्माणमा ध्यान दिनुपर्ने पक्ष विद्यार्थीमा कुन क्षमता वा ज्ञान वा दक्षता या सिप परीक्षण गर्न खोजिएको हो, त्यसमा प्रस्ट हुनु अनिवार्य हुन्छ । विरोधाभाषपूर्ण र अस्पष्ट एवम् द्विविधात्मक प्रश्न सिर्जना गर्नै हुँदैन । कुन कक्षा, स्तर तथा रुचि भएका विद्यार्थीका लागि सुहाउँदो भाषिक चयनसहित ज्ञानगत तह तथा क्षमताको मात्र अपेक्षा गर्नु उपयुक्त हुन्छ । पाठ्यविषय, निर्दिष्ट विधा र विधागत अङ्कभारलाई आधार मानेर प्रश्नपत्र निर्माण गर्नु प्राश्निकको मुख्य कर्तव्य हो । प्रश्नमा पूर्णाङ्क, उत्तीर्णाङ्क, समय एवम् अन्य निर्देशन उपयुक्त तवरबाट नदिएमा प्रश्न स्तरीय बन्न सक्दैन । प्रश्नमा सम्पूर्ण विषय क्षेत्रको प्रतिनिधित्व हुनुपर्छ भने पाठ्यक्रममा प्रस्तुत उद्देश्यअनुसार तयार गारिएका परीक्षण उद्देश्य ख्याल गरेर मात्र प्रश्न तयार पार्नुपर्छ ।

प्रश्नहरूको कठिनाइस्तर मिलाई निर्माण गर्नुपर्छ । त्यस्तै प्रश्नमा वैधता तथा विभेदकारिताको गुण अनिवार्य हुनुपर्छ । प्रश्नले अपेक्षा गर्ने उत्तरअनुसार प्रश्नहरू छुट्टाछुट्टै खण्डमा तयार पार्नुपर्छ । कुनै सूचनामूलक, कुनै बोधमूलक, कुनै विश्लेषणात्मक, कुनै उपयोगमूलक तथा उच्च दक्षतामूलक बनाउनुपर्छ तर कक्षा वा स्तरअनुकूल हुनु भने अनिवार्य हुन्छ । यसका लागि विशिष्टीकरण तालिकाको पूर्णतः परिपालना आवश्यक पर्छ ।

## विशिष्टीकरण तालिका

परीक्षण योजनालाई वस्तुगत एवम् पारदर्शी ढङ्गले प्रस्तुत गरेर देखाउने स्पष्ट खाकामूलक अभिलेखलाई विशिष्टीकरण तालिका भनिन्छ (पौडेल, २०६७: पृ.४८)। विषयवस्तुलाई शैक्षणिक उद्देश्यसँग सम्बन्धित गराउँदै परीक्षणमा समावेश गरिने विषयवस्तुको रूपरेखा, व्यावहारिक उद्देश्यहरू, उद्देश्यअनुसारका प्रश्नका प्रकारहरू, प्रश्न सङ्ख्या, प्रत्येक प्रश्नका लागि अङ्कभार, कुल प्रश्न सङ्ख्या, कुल अङ्कभार आदि कुरा समावेश पाठ्यक्रमका अपेक्षाहरूको विश्लेषण गरेर परीक्षणीय उद्देश्यहरूको निर्धारण गरेपछि परीक्षणीय विषयवस्तु, परीक्षण प्रक्रिया, परीक्षण प्रश्नका प्रकार, प्रश्न सङ्ख्या, अङ्कभार, समय तथा परीक्षण उद्देश्यका क्षेत्र एवम् तहहरूको स्पष्ट खाकालाई नै विशिष्टीकरण तालिका भनिन्छ (शर्मा र पौडेल, २०६७: पृ.३४१)। विशिष्टीकरण तालिकाले सीमाबद्ध विशिष्ट सम्बन्ध सूत्र (Nuts and Bolts) सहित परीक्षणका उपकरण निर्माण तथा परीक्षण खाका तयारीका लागि विस्तृत जानकारी दिन्छ (खनिया, २०१३: पृ.१५८)। खनिया (२०१३) ले (Alderson) को सन्दर्भ दिँदै प्राश्निकलाई विशिष्टीकरण तालिका किन भन्ने सवालमा

निम्नानुसारका पक्ष सुझाएका छन्: उद्देश्य, परीक्षार्थीको प्रकृति (उमेर, स्तर, पृष्ठभूमि, लिङ्ग आदि), समय, लक्षित भाषाको परिवेश, प्रश्नका प्रकार, सिप तथा भाषातत्त्व, उपलब्धि, प्रश्नका किसिम, परीक्षण विधि, अङ्कन साँचो (उत्तरकुञ्जिका) तथा परीक्षणका आधारका लागि यसको उपादेयता रहन्छ। विशिष्टीकरण तालिकाले ज्ञान, बोध, सिप, उच्च दक्षतालाई कसरी प्रश्नमा राख्ने सो कुरा स्पष्ट पारिदिन्छ र प्रश्नमा वैधता सुनिश्चित गर्न आधार प्रदान गर्छ। सोद्देश्यमूलक प्रश्न निर्माणमा सहयोग गर्छ। प्रश्न सङ्ख्या तथा प्रकृति निर्धारण गर्छ भने परीक्षणमा विश्वसनीयता, विभेदकारिता, प्रामाणिकता तथा स्तरयुक्तता कायम गर्न सहयोग गर्छ। यसका साथै उक्त तालिकाले प्रश्नमा विविधता कायम गर्न सघाउँछ। प्राश्निकलाई मार्गदर्शन गर्नका लागि पनि विशिष्टीकरण तालिकाले महत्त्वपूर्ण आधार प्रदान गर्छ।

### परीक्षणको क्षेत्र र सक्षमताको तह

स्तरीकृत परीक्षण निर्माणका लागि ब्लुम्सको शैक्षणिक उद्देश्यको वर्गीकरण तथा नयाँ वर्गीकरणलाई आधार बनाइन्छ। (खनाल र अधिकारी, २०६८ एवम् निउरे, २०७०) ले सक्षमताका तह सम्बन्धमा संज्ञानात्मक, प्रभावी तथा मनोक्रियात्मक क्षेत्रसँग सम्बन्धित विविध पक्षलाई उदाहरणसहित उल्लेख गरेका छन्। संज्ञानात्मक क्षेत्रअन्तर्गत यसरी प्रश्न बनाउन सकिन्छ : **(अ) ज्ञान:** पाँचओटा व्युत्पन्न शब्दहरूको सूची तयार पार्नुहोस्। **(आ) बोध:** दिइएको अनुच्छेदको सारांश लेख्नुहोस्। दिइएको गद्यांश पढी सोधिएका प्रश्नहरूको उत्तर लेख्नुहोस्। **(इ) प्रयोग:** 'बुबा घर जानुभयो' भन्ने वाक्यलाई लिङ्गका आधारमा रूपान्तरण गर्नुहोस्। **(ई) विश्लेषण:** 'मेरो देश' कविताको मुख्य भाव विस्तार गर्नुहोस्। **(उ) संश्लेषण:** वैशाख कविताबाट लयवाचनसम्बन्धी एउटा पाठयोजना बनाउनुहोस्। **(ऊ) मूल्याङ्कन:** 'यात्री' कविताको मुख्य विचार उल्लेख गर्नुहोस्।

प्रभावी क्षेत्रअन्तर्गत भाषिक मूल्याङ्कनका लागि प्रश्न बनाउँदा देहायअनुसार बनाउन सकिन्छ : **(अ) सहभागिता जनाउनु:** 'नेपालै नरहे' कविताको लयबद्ध वाचन गर्नुहोस्। **(आ) प्रतिक्रिया देखाउनु:** 'कर्तव्य' कथाको प्रमख पात्र श्रीधरको व्यवहारसँग तपाईं सहमत हुनुहुन्छ ? तर्कसहित प्रतिक्रिया लेख्नहोस्। **(इ) मूल्य प्रदान गर्नु:** 'नालापानीमा' एकाङ्कीको नरे कार्कीमा रहेको देशप्रेमलाई सोदाहरण चिनाउनुहोस्। **(ई) सङ्गठित गर्नु:** गाउँलेहरूले घुरहु महतो र मनोहर महतो दुबैलाई किन सम्मान गर्थे ? 'हारजित' कथाका आधारमा स्पष्ट पार्नुहोस्। **(उ) चरित्र चित्रण:** 'एक चिहान' उपन्यासको पात्र गोदत्तप्रसादको व्यवहार तपाईंलाई कस्तो लाग्यो ? तर्कसहित आफ्नो विचार प्रस्तत गर्नुहोस्।

मनोक्रियात्मक वा सिपसँग सम्बद्ध क्षमताको परीक्षणका लागि देहायबमोजिका प्रश्नहरू निर्माण गर्न सकिन्छ : **(अ) प्रत्यक्षीकरण:** शब्दकोशको महत्त्व दर्साउँदै एउटा अनुच्छेद लेख्नुहोस्। **(आ) तयारी:** 'ज्येष्ठ नागरिकप्रति युवाको दायित्व' शीर्षकमा १५० शब्दसम्मको वक्तृता तयार पार्नुहोस्। **(इ) निर्देशित प्रतिक्रिया:** दिइएका बुँदाका आधारमा गोपालप्रसाद रिमालको जीवनी लेख्नुहोस्। **(ई) यान्त्रीकरण:** 'नेपालै नरहे' कविता लय हाली वाचन गर्नुहोस्। **(उ) जटिल बाह्य प्रतिक्रिया:** 'गाउँ ठिक कि सहर ?' भन्ने शीर्षकमा आफ्नो भनाइ राख्नुहोस्। **(ऊ) अनुकूलन:** स्तम्भचित्रमा देखाइएको तथ्यलाई अनच्छेदमा रूपान्तर गर्नुहोस्। **(ए) मौलिकीकरण:** 'नेपालको जलसम्पदा' शीर्षकमा कविता लेख्नुहोस्।

माथि उल्लेख गरिएका क्षेत्र तथा तह ब्लुम्सको वर्गीकरणका आधारमा तयार गरिएका हुन् । वर्तमान पाठ्यक्रमले नयाँ वर्गीकरणअनुसार हाल मूलतः चार तहका प्रश्न बनाउन सिफारिस गरेको छ भने भाषिक मूल्याङ्कनका क्षेत्रमा पनि यसैलाई प्राधान्य दिइएको पाइन्छ । मूलतः ज्ञानमूलक, बोधमूलक, प्रयोगमूलक तथा उच्च दक्षतामूलक गरी चार तहका प्रश्न बनाउनु उपयुक्त हुन्छ । ती चारओटा तह यसप्रकार छन्: **(अ) ज्ञान वा स्मरण:** तलका शब्दबाट तीन अक्षरले बनेका दुईओटा शब्द टिपोट गर्नुहोस्– काँच, मेहनती, ओखल, स्त्री, मौका, चमेली, फलाम, संविधान, तारकेश्वर **(आ) बोध:** 'एक चिहान' उपन्यासका आधारमा गोदत्तप्रसादका चारित्रिक विशेषता लेख्नुहोस् । **(इ) विश्लेषण वा उपयोग:** 'पर्यावरणीय सन्तुलनमा मानिसको दायित्व' शीर्षकमा ३०० शब्दसम्मको निबन्ध लेख्नहोस् । **(ई) उच्च दक्षता:** तलका वाक्यहरूलाई एउटै वाक्यमा संश्लेषण गर्नुहोस् । संश्लेषण गर्दा तीनओटा पदको पदवर्गमा विचलन समेत गर्नुहोस्– केटो चार कक्षामा पढ्छ । त्यो गरिब छ । उसका किताब भुत्रा देखिन्छन् । साथीहरूले उसलाई जिस्काउँछन् । केटाले रोएर प्रतिक्रिया जनाउँछ । केटाले आफ्ना किताबलाई माया गर्छ । उत्तरः भुत्रा भएका आफ्ना किताबको माया गर्ने त्यस गरिब केटाले साथीहरूबाट जिस्काइँदा रोएर प्रतिक्रिया जनाउँछ । त्यस्तै, उच्च दक्षतासम्बन्धी अन्य प्रश्न पनि यसप्रकार निर्माण गर्न सकिन्छ: **(अ)** 'आलु' निबन्धमा निबन्धकारले आलु र नेपाली बुद्धिजीवीबिच समानता देखाएका छन्, निबन्धकारको उक्त विचारसँग तपाईं सहमत वा असहमत के हुनुहुन्छ ? तर्कसहित प्रतिक्रिया जनाउनुहोस् । **(आ)** बौलाहा काजी साँच्चिकै बौलाहा हो वा होइन ? 'बौलाहा काजी' नाटकका आधारमा तर्कसहित प्रतिक्रिया जनाउनुहोस् ।

## स्तरीकृत परीक्षण

मानकीकृत परीक्षणका अनिवार्य पक्ष स्तरीकृत परीक्षण उत्तरवर्ती समयमा सबैभन्दा बढी चर्चामा रहेको परीक्षण वैज्ञानिक, आधुनिक, वैध, निष्पक्ष, विद्यार्थीमैत्री, विश्वसनीय, वस्तुनिष्ठ र सर्वस्वीकार्य बनिरहेको छ । स्तरीकृत परीक्षणका लागि मानकीकरण, वस्तुनिष्ठता, विभेदकारिता, विश्वसनीयता र वैधता प्रमुख गुण मानिन्छन् । हिटन (? : पृ.१५९) ले वैधता, विश्वसनीयता र विभेदकारितालाई मात्र परीक्षणका आधार मानेका छन् । त्यस्तै खनिया (२०१३: पृ. १२८-१४६) ले वैधता, विश्वसनीयता र प्रयोगात्मकतालाई भाषिक मूल्याङ्कनका गुण ठहऱ्याएका छन् । पाठक (२०१२: पृ. १२९) ले विश्वसनीयता र वैधतालाई नै प्रमुख मानेका छन् । त्यस्तै, वेर (? : पृ.२२), रेनल्ड्स एन्ड अदर्स (२०१८: पृ. ८२ - १११) ले पनि यी दुई पक्षलाई नै प्रमुख मान्यता दिएका छन् तसर्थ वैधता र विश्वसनीयता परीक्षणका महत्त्वपूर्ण पक्ष हुन् भन्न सकिन्छ ।

स्तरीकृत परीक्षणका प्रमुख गुण वा अङ्ग देहायबमोजिम छन्– **मानकीकरण:** सर्वस्वीकार्य बनाउनु, स्तरानुकूल बनाउनु, प्रतिनिधिमूलक बनाउनु, सामयिक बनाउनु नै सर्वस्वीकार्यता हो । **वस्तुनिष्ठता:** प्रश्न निश्चित उपलब्धि वा क्षमता परीक्षण गर्न सक्ने बनाउनु, व्यवहार तोक्नु, किटान गर्नु, तथ्यपूर्ण बनाउनु, ठ्याक्कै अङ्क दिन मिल्ने बनाउनु वस्तुनिष्ठता हो । **विभेदकारिकता:** विद्यार्थीलाई उसको क्षमताअनुसार भिन्नता गर्न, फरक छुट्याउन सक्नु, जान्नेलाई जान्ने र नजान्नेलाई नजान्ने भन्ने निष्कर्ष दिन सक्ने गुण, उच्च, मध्य र निम्न क्षमताका प्रश्न जस्तैः २५ प्रतिशत प्रश्नको कठिनाइस्तर सामान्य वा सरल प्रकृतिको हुनुपर्छ । त्यस्तै ५० प्रतिशत प्रश्नहरू मध्यम स्तरका बनाउनु उपयुक्त हुन्छ भने २५ प्रतिशत प्रश्न कठिन खालका बनाउन सकियो भने सबै स्तरका विद्यार्थीका लागि सान्दर्भिक हुने मान्यता रहिआएको छ ।

स्तरीकृत परीक्षण अर्को गुण हो– **विश्वसनीयता** । विश्वसनीयता भन्नाले विद्यार्थीको क्षमता र उसले प्राप्त गरेको अङ्कबिच समानता हुनु, अङ्कले उसको क्षमता प्रतिबिम्बन गर्न सक्नु वा पटक पटकको परीक्षणमा एउटै या उस्तै अङ्क प्राप्त हुनु नै विश्वसनीयता हो । वेरका अनुसार विश्वसनीयताविना वैधता पुष्टि हुन नसक्ने हुँदा वैधतामा विश्वसनीयता अन्तर्निहित नतिजामा एकरूपता आउनुलाई विश्वसनीयता मानिन्छ (? : पृ. ३१)। जबसम्म कुनै परीक्षण विश्वसनीय मानिँदैन, तबसम्म त्यहाँ वैधता भेट्न सकिँदैन तर विश्वसनीय मानिएको परीक्षणमा वैधता हुन्छ नै भन्न सकिँदैन । जस्तै : बुद्धि परीक्षण अत्यन्त विश्वसनीय भए पनि फ्रेन्च परीक्षामा त्यसलाई वैध मानिँदैन (ल्याडो, १९६५: पृ. ३०)। दुई स्वतन्त्र जाँचबाट प्राप्त अङ्कमा सहसम्बन्धको गणनाका आधारमा एकरूपता प्राप्त हुनु नै विश्वसनीयता हो (पाठक, २०१२: पृ. १३१)। पाठकले विश्वसनीयता पुष्टि गर्नका लागि परीक्षण पुनः परीक्षण, अर्धविभाजित तथा आन्तरिक एकरूपता गरी जम्मा तीन तरिकाबाट विश्वसनीयता परीक्षण गर्न सकिने जनाएका छन् । यसरी विश्वसनीयतालाई स्तरीकृत र असल परीक्षणको महत्त्वपूर्ण विशेषता मानिएको छ ।

स्तरीकृत परीक्षणको अर्को महत्त्वपूर्ण गुण **वैधता** हो । परीक्षण गर्नुपर्ने र गर्न खोजिएको पक्ष वा योग्यता त्रुटिरहित ढङ्गबाट परीक्षण गर्नु नै वैधता हो । परीक्षण उद्देश्यमूलक हुनु, प्रश्नले सबै पाठका सबै क्षेत्रहरू परीक्षण गर्नु, प्रतिनिधित्व गर्नु, विषयगत, आधारसम्बन्धी तथा रचनात्मक क्षमताको सूचना दिनु नै वैधता हो । अपेक्षा गरिएको निश्चित सिपसम्बन्धी शुद्ध सूचना दिनसक्ने परीक्षण नै वैध परीक्षण हो (हिटन,? ः पृ.१५९)। वैधता भनेको सान्दर्भिकताको सवाल हो, जहाँ मापन गर्न दावा गरिएको पक्ष र परीक्षण सान्दर्भिक छ (ल्याडो, १९६५: पृ. ३२१)। परीक्षणको त्यो गुण हो जसमा जुन उद्देश्यले परीक्षा लिइएको हो, त्यसमा विशुद्ध, ठोस तथा प्रतिनिधिमूलक सूचना प्रतिबिम्बन हुनु नै वैधता हो (खनिया, २०१३: पृ. १२९)। जुन सूचना मापन गर्नुपर्ने हो सोही मापन गर्ने परीक्षणको गुण नै वैधता हो (पाठक, २०१२: पृ.१३८)। परीक्षणबाट प्राप्त अङ्कनका माध्यमबाट विश्लेषण गर्न सकिने विशेषता नै वैधता हो (रेनल्ड्स एन्ड अदर्स, २०१८: पृ. ११२)।

वैधताका प्रकारलाई विभिन्न शिक्षाविद्ले भिन्न भिन्न किसिमले चिनाएका छन्, जुन यसप्रकार छन् : पाठक (२०१२ : पृ. १३९-१४१) : विषयगत, आकृतिगत, आधारगत, रचनात्मक खनिया (२०१३: पृ. १२ ९) : विषयगत, आकृतिगत, समसामयिक, पूर्वकथनीय, रचनात्मक रेनल्ड्स एन्ड अदर्स (२०१८: पृ. ११४)। उपर्युक्त विविध आधारमा सारतः विषयगत, आधारगत, रचनात्मक मूलतः विषयगत, आधारसम्बन्धी तथा रचनात्मक वैधतालाई प्रमुख प्रकार मान्न सकिन्छ । आधारसम्बन्धी वैधताअन्तर्गत समवर्ती तथा पूर्वकथनीय दुई भेद पनि पर्छन् । विषयगत वैधताले तोकिएका सबै विषयक्षेत्र तथा उद्देश्यमा आधारित परीक्षण गर्न सकिने प्रश्नमा जोड दिन्छ भने समवर्ती वैधता शिक्षार्थीको वर्तमान वास्तविक योग्यताको प्रतिबिम्बन गर्ने वैधता हो । यसका लागि नियमित परीक्षण तथा विशेष परीक्षणबाट प्रमाणित गर्न सकिन्छ । त्यस्तै, पूर्वकथनीय वैधताले परीक्षण (प्राप्ताङ्क) को उपयोगबाट शिक्षार्थीको आगामी योग्यता अनुमान गर्न सहयोग पुऱ्याउँछ । रचनात्मक वैधताले सिर्जना, विश्लेषण, तर्क, सङ्गठन आदि पक्षको परीक्षण गर्छ ।

## पूर्व परीक्षण

भाषिक परीक्षणको वास्तविक परीक्षणभन्दा अगाडि परीक्षण प्रश्नलाई वैध, व्यावहारिक, मापदण्डमूलक, विभेदीकरणयुक्त बनाउनका लागि पूर्व परीक्षणको कार्य सञ्चालन गरिन्छ । सामान्यतः भाषिक प्रश्नपत्रमा

हुन सक्ने प्राविधिक र प्राज्ञिक त्रुटिहरूको न्यूनीकरण गरी उच्च गुणयुक्त बनाउन यो अपरिहार्य मानिन्छ । प्रश्नपत्रका सम्भावित त्रुटिहरूलाई न्यूनीकरण गर्नका लागि छोटो समयमा परीक्षण गरेर प्रश्न विश्लेषण गर्ने तरिकालाई पूर्व परीक्षण भनिन्छ । सामान्यतः भाषिक परीक्षणका युक्ति स्तरयुक्त र शिक्षक निर्मित गरी दुई प्रकारमध्ये स्तरयुक्त परीक्षणका लागि भाषिक प्रश्नको पूर्व परीक्षण अनिवार्य तथा शिक्षक निर्मित परीक्षाका लागि भाषिक प्रश्नको पूर्व परीक्षण ऐच्छिक मानिएको छ ।

पूर्व परीक्षणका लागि सर्वप्रथम पूर्व परीक्षणको योजना तर्जुमा गर्नुपर्छ । पूर्व परीक्षणमा सहभागी गराइने नमुना विद्यार्थीहरूको संस्थाबाट पूर्व परीक्षणको अनुमति लिई पूर्व परीक्षणबारे सरोकारवालाहरूलाई जानकारी गराउनुपर्छ । तत्सम्बन्धी आवश्यक भौतिक सुविधाको व्यवस्था, अनुकूल समयावधि र समयतालिकाबारे समयमै सुसूचित गराउनु अनिवार्य हुन्छ । पूर्व परीक्षणमा संलग्न हुने जनशक्तिलाई आवश्यक तालिमको व्यवस्थासमेत गर्नुपर्छ । पूर्व परीक्षणका लागि परीक्षार्थीलाई नमुनाका रूपमा ग्रहण गर्नुपर्छ । यसो गर्दा सम्बद्ध कक्षाका परीक्षार्थीहरूलाई समग्र जनसङ्ख्या मानी सोही जनसङ्ख्याबाट आवश्यक नमुना ग्रहण गर्न सकिन्छ । ग्रहण गरिने नमुना, उमेर, बौद्धिकता, भूगोल, जाति, पेसा, जाति, धर्म, लिङ्ग आदि आधारमा समानुपातिक एवम् समावेशी हुनु आवश्यक हुन्छ । नमुना ग्रहण गर्दा प्रतिनिधिमूलक नमुना लिइएन भने त्यसबाट प्रश्नपत्रको कठिनाइस्तर, विभेदीकरण क्षमता न्यून हुन गई प्रश्नहरू त्रुटिपूर्ण हुन सक्ने सम्भावना रहन्छ ।

परीक्षण सञ्चालन गर्दा प्रश्नको उपयुक्तता र अनुपयुक्तताका लागि नमुना विद्यार्थीमाथि परीक्षण कार्यान्वयन गर्नुपर्छ । परीक्षार्थीको बसाइको व्यवस्थापन तथा परिवेश नियन्त्रण गरी नमुना परीक्षार्थीलाई परीक्षणका नियम, परीक्षणका साधन, उत्तर दिने समयसीमा र तरिकाबारे जानकारी गराउनु आवश्यक हुन्छ । परीक्षार्थीका भौतिक असुविधालाई न्यूनीकरण गर्दै मनोवैज्ञानिक उत्प्रेरणा सिर्जनासमेत गर्न सकिन्छ । उनीहरूलाई आफूले जानेका कुरा स्वतन्त्रतापूर्वक लेख्ने वातावरण निर्माण गर्नुपर्छ तर नक्कल गर्ने, चोर्ने, होहल्ला गर्नेजस्ता यथार्थ परीक्षणमा बाधा पुऱ्याउने कार्यबाट भने परीक्षार्थीलाई निरुत्साहित गर्नुपर्छ । विद्यार्थीले उत्तरपुस्तिकामा भर्नुपर्ने सङ्केतन, ठेगाना, परीक्षा केन्द्र, उत्तरको लिपि आदि आवश्यक पक्षको स्पष्ट निर्देशन दिनुपर्छ ।

नुमना परीक्षार्थीबाट प्राप्त उत्तरपुस्तिका सङ्कलन गरी परीक्षण गर्नुपर्छ । उत्तरपुस्तिकाको परीक्षणलाई उत्तर पुस्तिकाको अङ्कन पनि भन्ने गरिन्छ । यसअन्तर्गत परीक्षा सञ्चालनबाट प्राप्त भएका उत्तर पुस्तिकालाई परीक्षण गरेर अङ्कन र अक्षराङ्कन गर्ने प्रक्रिया अपनाइन्छ । यस्तो कार्य गर्दा प्राप्त उत्तरपुस्तिकालाई सिधै परीक्षण नगरी उपयुक्त सङ्केतद्वारा साङ्केतीकरण गर्नु अनिवार्य हुन्छ । उत्तरपुस्तिकाको अङ्कनका लागि सम्बन्धित विषयक्षेत्रको पठनपाठनमा प्रत्यक्ष संलग्न रहेका शिक्षकहरूलाई दिनु अनिवार्य हुन्छ । उत्तरपुस्तिका अङ्कनका लागि प्राश्निकले निर्माण गरेका उत्तरकुञ्जिकालाई आधार बनाउनुपर्छ । अङ्कन गर्दा बुँदागत अङ्कन, प्रश्नगत अङ्कन, समूहगत अङ्कन, बहुपरीक्षण अङ्कन, श्रेणीबद्ध अङ्कन विधिमध्ये वा एक वा अनेक विधिहरूको उपयोग गर्न सकिन्छ ।

उत्तरपुस्तिका अङ्कनपश्चात् प्राप्त उत्तर तथा अङकका आधारमा प्रत्येक प्रश्नको विश्लेषण गर्नुपर्छ । प्रश्न विश्लेषण भनेको भाषिक परीक्षणका लागि निर्माण गरिएका प्रत्येक प्रश्नहरूको कठिनाइ स्तर, विभेदीकरण क्षमता र विकल्पहरूको शक्ति पहिचान गर्ने प्रक्रिया हो । प्रश्न विश्लेषण गर्दा भाषिक प्रश्नहरूको उपयुक्तता, स्तरीयता, गुणात्मकता, प्रभावकारिताजस्ता पक्षको गुणस्तरीयता पहिचान गर्न सकिन्छ। यस प्रक्रियामा प्रत्येक प्रश्नहरूमा सिकारुले के कति प्राप्ताङ्क हासिल गरे ? कुन कुन प्रश्नको जवाफ दिए ? कुन कुन प्रश्नको जवाफ दिन सकेनन् ? बहुवैकल्पिक प्रश्नहरूमा समावेश गरिएका विकल्पहरूले के कति अनुपातमा विद्यार्थीहरूलाई आफूप्रति आकर्षित गर्न सके भन्नेजस्ता विषयमा स्पष्ट निचोड निकाल्नका लागि तथ्याङ्कशास्त्रीय विश्लेषण गरिन्छ । यसबाट प्रश्नमा रहेका त्रुटिहरूलाई हटाउन सहयोग मिल्छ । प्रश्न विश्लेषणका माध्यमबाट प्रश्न संशोधन गर्न, परिमार्जन गर्न, थप्न, हराउन, प्रतिस्थापन गर्न आधार प्राप्त हुन्छ । पूर्व परीक्षणमा उपयोग गरिएका प्रश्नमध्ये अत्यन्त कठिन र अन्त्यन्त सरल प्रश्नहरूलाई परिष्कार गर्न सकिन्छ । त्यस्तै, सिकारुले बुझ्न नसकेका तथा सम्भावित उत्तरको सङ्केत गर्ने खालका असान्दर्भिक प्रश्नहरूलाई अन्य सान्दर्भिक प्रश्नहरूद्वारा विस्थापन गर्न सहयोग मिल्छ । अतः प्रश्न विश्लेषणद्वारा प्रश्नहरूको आवश्यक संशोधन गरी अन्तिम परीक्षाका निमित्त उपयुक्त ढाँचाको प्रश्नको तयार गर्न मद्दत पुग्छ ।

### प्रश्नको मानकीकरण

पूर्व परीक्षणबाट प्राप्त उत्तरका आधारमा गरिएको प्रत्येक प्रश्नको विश्लेषणपश्चात् प्रश्नमा गरिने आवश्यक परिष्कार, परिमार्जन एवम् प्रतिस्थापन सहित स्तरीय वा मानक प्रश्न बनाउने कार्य नै प्रश्नको मानकीकरण हो । यस प्रक्रियामा प्रश्नलाई प्राविधिक र प्राज्ञिक गुणले युक्त बनाइन्छ । यस क्रममा असान्दर्भिक पक्ष एवम् त्रुटि हटाई प्रयोगयोग्य बनाइन्छ । यसका लागि पूर्व परीक्षणपश्चात् प्रश्न विश्लेषणका क्रममा प्राप्त निष्कर्षहरूलाई कार्यान्वयन गरिने कठिनाइस्तर तथा विभेदीकरण क्षमता भएका प्रश्न मात्र समेटी अन्तिमीकरण गरिन्छ । मानकीकरण गर्दा प्रश्नहरूले विषयगत वैधता सुनिश्चित गर्न सकेका छन् या छैनन् ? सिकारुका वास्तविक भाषिक उपलब्धि मापन गर्न सक्छन् या सक्दैनन् ? प्रश्नमा दिइएका निर्देशन प्रभावकारी छन् या छैनन् ? प्रश्नहरूको जवाफको सीमा निर्धारण गरेका छन् या छैनन् ? पुच्छ्रे प्रश्न वा दोहोरो उत्तर आउने खालका प्रश्नहरू समावेश गरिएका छन् कि ? प्रश्नले उत्तरको सङ्केत गरेका छन् कि ? आदि पक्ष पहिचान गरी सुविचारित ढङ्गबाट अन्तिमीकरण गरिन्छ ।

### प्रश्न सङ्ग्रहण

प्रश्न सङ्ग्रहणको स्थापित मानदण्ड निर्धारण गरिएको नभए तापनि समान स्तर, क्षेत्र तथा विषयवस्तुका प्रश्न एक ठाउँमा सङ्कलन गरी राख्नु उपयुक्त हुन्छ । सङ्गृहीत प्रश्न आवश्यक परेका बेला उपयोग गर्न सकिन्छ । प्रत्येक पाठ, विषय क्षेत्र, ज्ञानगत तहका लागि अलग अलग सङ्कलन गर्न सकिन्छ । एउटा पक्षको परीक्षणका लागि धेरैभन्दा धेरै प्रश्न बनाउनु उपयुक्त हुन्छ । हुन त एउटा पूर्ण रूप (प्रश्नपत्र) बनाएर राख्ने प्रचलन रहिआएको भए तापनि उक्त तरिका पुरानो भइससकेको र असान्दर्भिक भइसकेको छ । वर्तमान परिप्रेक्ष्यमा प्रश्नमा गोपनीयता, पारदर्शिता तथा निष्पक्षता कायम गर्नका लागि प्रत्येक प्रश्न अलग अलग राखी आवश्यक परेका बेला सबै सङ्कलित प्रश्नमध्येबाट एक एकओटा लिएर उपयोग गर्नका लागि प्रश्नको सङ्ग्रहण अनिवार्य हुन्छ । स्तरीकृत परीक्षण यो पनि अनिवार्य कार्य तथा चरण नै हो ।

**प्रश्नपत्रको अन्तिमीकरण**

एउटा विषयको पूर्ण पाठ्यांशमा आधारित वास्तविक परीक्षण लागि विद्यार्थीहरूबिच पुऱ्याउनका लागि निर्माण गरिने अन्तिम ढाँचाको मूल प्रश्नपत्र निर्माण गर्ने कार्यलाई प्रश्नपत्रको अन्तिमीकरण भनिन्छ । प्रश्नपत्र संयोजन तथा सम्पादन गर्ने कार्य विषयविज्ञले गर्छन् । सङ्ग्रहण गरिएका प्रश्नमध्येबाट वास्तविक परीक्षणका लागि प्रश्नपत्र बनाउनका लागि सम्बद्ध शिक्षक तथा परीक्षण विज्ञलाई सो कार्यका निम्ति जिम्मा दिइन्छ । सङ्ग्रहण गरिएका मानक वा स्तरीय प्रत्येक प्रश्नहरू एकीकृत गरी प्रश्नपत्र निर्माण गर्दा विज्ञद्वारा कठिनाइस्तर, वैधता, विश्वसनीयता, विभेदकारिताजस्ता गुणहरू सुनिश्चित गर्नुपर्छ । प्रश्नपत्र मापनीय, व्यावहारिक, यथार्थपरक भए नभएको यकिन गर्नुपर्छ । प्रश्नपत्र अन्तिमीकरणमा स्तरीय, उद्देश्यमूलक, प्रयोजनमूलक, सिप सन्तुलित, तहअनुसारी, विविधतायुक्त, समस्यामूलक, पहिचानात्मक, उत्पादनात्मक, निर्णयात्मक, निचोडमूलक, आलोचनात्मक क्षमताको परीक्षण गर्न सक्ने बनाउनुपर्छ । यी कुरा प्राश्निकले सुरुमै विचार गरी प्रश्न बनाउने र ती विश्लेषणसमेत गरिसकिएकाले खासै कमजोरी त रहँदैनन् तथापि अन्तिमीकरणमा पनि दृष्टि पुऱ्याउनु आवश्यक ठहर्छ । अन्ततः निर्दिष्ट पाठ्यक्रमको सीमाभित्रै रही प्रश्नपत्रको अन्तिम ढाँचा निर्माण गरिन्छ । त्यसो त प्रश्नपत्रको अन्तिमीकरणका लागि विज्ञविना पनि प्राविधिक किसिमले सम्पन्न गर्ने परिपाटी पनि विकास भइसकेको छ तर प्रत्येक प्रश्न पूर्णतः त्रुटिरहित बनाउनु आवश्यक भएकाले विज्ञद्वारा नै गर्नु उपयुक्त हुन्छ ।

## निष्कर्ष

भाषिक मूल्याङ्कन सैद्धान्तिक र प्रयोगात्मक दुबै दृष्टिबाट महत्त्वपूर्ण मानिन्छ । वास्तविक तथा प्रभावकारी मूल्याङ्कनका स्तरीकृत परीक्षण अनिवार्य हुन्छ । अन्तर्राष्ट्रिय स्तरमा स्तरीकृत वा मानक परीक्षणको प्रचलन अत्यन्त प्रभावकारी र सार्थक बनिरहेका बेला नेपालमा पनि स्तरीकृत परीक्षणको आवश्यकता महसुस गरी त्यसको अभ्यास समेत गर्न थालिएको छ । माध्यमिक तहको उच्च र अन्तिम कक्षा १२ मा पनि स्तरीकृत परीक्षण प्रारम्भ गर्ने योजना बनिरहेको वर्तमान अवस्थामा स्तरीकृत परीक्षणको सन्दर्भ तथा प्रक्रियाका बारेमा यो लेख तयार पीरिएको हो । नेपाली यस लेखमा भाषिक मूल्याङ्कनको परिचयात्मक पक्षसहित भाषिक मूल्याङ्कनका आधारभूत मान्यता, विशिष्टीकरण तालिका र त्यसको सान्दर्भिकता उल्लेख गरिएको छ ।

यस लेखमा सम्बद्ध नेपाली विषयसँग सम्बन्धित व्याकरण, बोध, रचना तथा सिर्जनात्मक क्षेत्रसँग सम्बन्धित विषयवस्तुमा आधारित भई ब्लुम्सको शैक्षणिक क्षेत्रको तहगत वर्गीकरण एवम् नयाँ वर्गीकरणअनुसार ज्ञान, बोध, प्रयोग तथा उच्च दक्षतासँग सम्बद्ध प्रश्नहरू निर्माण गरी सोदाहरण प्रस्तुत गरिएको छ । परीक्षणको स्तरीकरणका लागि पूर्व परीक्षणसँग सम्बद्ध सबै प्रक्रिया, प्रश्नको विश्लेषण तथा प्रश्नको मानकीकरण र अन्तिमीकरणका सबै प्रक्रियालाई सूक्ष्म किसिमले चिनाइएको छ । त्यस्तै, पूर्व परीक्षणको प्रक्रिया एवम् प्रश्नको विश्लेषणका सवाल पनि उल्लेख गरिएको यस लेखमा मानक वा स्तरीय प्रत्येक प्रश्नहरू एकीकृत गर्ने प्रक्रिया पनि समावेश गरिएको छ । प्रत्येक प्रश्नको विश्लेषण एवम् परिष्करणपश्चात् वास्तविक परीक्षणका लागि प्रश्नपत्रमा कठिनाइस्तर, वैधता, विश्वसनीयता, विभेदकारिताजस्ता गुणहरूको उल्लेख गरिएको छ । वास्तविक परीक्षणका लागि प्रश्नपत्रको अन्तिमीकरण गरिसकेपछि सोही व्यक्तिले कार्यसम्पादनपश्चात्

प्रश्नपत्र खामबन्दी वा सिलबन्दी गरिसकेपछि अत्यन्त गोप्य रूपमा जिम्मेवार निकायमा बुझाउनुपर्छ । यसरी स्तरीकृत प्रश्नपत्रको निर्माण कार्य सम्पन्न गरी स्थापित मानदण्डका आधारमा स्तरीकृत परीक्षण सञ्चालन, अङ्कन एवम् नतिजा प्रकाशन गरी स्तरीकृत परीक्षणको एउटा शृङ्खला पूरा हुन्छ ।

## सन्दर्भ सामग्री सूची

अधिकारी, हेमाङ्गराज (२०६७), *नेपाली भाषा शिक्षण,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

अलि, जे.जी.(सन् १९९६), *वेब्स्टर्स डिक्नरी,* युएसए : ओटेन्हेइमर पब्लिसर्स ।

खनाल, पेशल र अधिकारी, नारायणप्रसाद (२०६८), *पाठ्यक्रम र मूल्याङ्कन,* काठमाडौं : सनलाइट पब्लिकेसन ।

खनिया, तीर्थराज, (सन् २०१३), *इक्जामिनेसन फर इन्ह्यान्सड लर्निङ,* एजुकेसनल एन्ड डिभ्लप्मेन्टल सर्भिस सेन्टर ।

जबरा, स्वयंप्रकाश, श्रेष्ठ, चन्द्रबहादुर र रञ्जितकार, किरणराम (२०५८), *शिक्षामा मापन तथा मूल्याङ्कन,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

ढकाल, शान्तिप्रसाद (२०७४), *नेपाली भाषा शिक्षण : परिचय र प्रयोग,* काठमाडौं : पिनाकल पब्लिसन ।

ढुङ्गेल, भोजराज र दाहाल, दुर्गाप्रसाद (२०७४), *नेपाली भाषा शिक्षण,* काठमाडौं : एमके पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स ।

त्रिभुवन विश्वविद्यालय (सन् २०१८) *टियु बुलेटिन स्पेसल,* कीर्तिपुर : त्रिभुवन विश्वविद्यालय ।

निउरे, ध्रुवप्रसाद (२०७०), *पाठ्यक्रम तथा मूल्याङ्कन,* काठमाडौं : क्वेस्ट पब्लिकेसन ।

नेपाल प्रज्ञा प्रतिष्ठान (२०७५), *नेपाली बृहत् शब्दकोश,* काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।

नेवा, डिल्लीराज (?), *शैक्षिक पाठ्यक्रम, मापन र मूल्याङ्कन,* काठमाडौं : अक्सफोर्ड इन्टरनेसनल पब्लिकेसन ।

पाठक, आर.पी.(सन् २०१२), *मिजरमेन्ट एन्ड इभालुएसन इन एजुकेसन,* दिल्ली : पियर्सन ।

पाठ्यक्रम विकास केन्द्र (२०७७), *माध्यमिक शिक्षा पाठ्यक्रम,* भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

पाण्डे, सुशील (सन् २००५), *करिकुलम एन्ड इभालुएसन,* काठमाडौं : क्षितिज पब्लिकेसन ।

पौडेल, माधवप्रसाद (२०६७), *भाषिक मूल्याङ्कन,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

पौडेल, लालु (२०७४), *सेमेस्टर प्रणाली : समस्या र सुधारका उपाय,* प्रगतिशील प्राध्यापक सङ्गठनद्वारा कीर्तिपुरमा आयोजित अन्तर्क्रिया कार्यक्रममा प्रस्तुत अवधारणापत्र ।

प्रधान, मीरा (२०७०), *नेपाली भाषा शिक्षण,* काठमाडौं : अक्सफोर्ड इन्टरनेसनल पब्लिकेसन ।

फल्चर, जि. एन्ड डेभिड्सन, एफ.(सन् २०११), *ल्याङ्ग्वेज टेस्टिङ एन्ड एसेस्मेन्ट,* लन्डन : रट्लेज ।

मजुम्दर, मम्ताज (सन् २०१०), *इन्ट्रडक्सन अफ सेमेस्टर सिस्टम इन इन्डियन कलेज,* आसाम युनिभर्सिटी : सेमिनार पेपर ।

रिचार्डस्, जेसि, प्लाट, जे र प्लाट हेइडी (सन् १९९९), *लङ्म्यान डिक्सनरी अफ ल्याङ्ग्वेज टिचिङ् एन्ड अप्लाइड लिङ्विस्टिक्स,* हार्ल : लङ्म्यान ।

रेनल्ड्स, सि.आर. एन्ड अदर्स, (सन् २०१८), *मिजरमेन्ट एन्ड एसेस्मेन्ट इन एजुकेसन,* इन्डिया : पियर्सन ।

लम्साल, रामचन्द्र र खनाल, राजेन्द्र (२०७५) *अनुसन्धान विधि,* कीर्तिपुर : सनलाइट पब्लिकेसन ।

लम्साल, रामचन्द्र, गौतम, वासुदेव र अधिकारी, गणेशप्रसाद (२०६६), *नेपाली भाषा शिक्षण,* भुँडीपुराण प्रकाशन ।

ल्याडो, रबर्ट (सन् १९६५), *ल्याङ्ग्वेज टेस्टिङ,* लन्डन : लङमेन्स ।वेर, सि.जे. (?), *कम्युनिकेटिभ ल्याङ्ग्वेज टेस्टिङ.* ? ।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०६८), *नेपाली भाषा शिक्षणका सन्दर्भहरू,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

हिटन, जे.बि .(?) *राइटिङ इङ्लिस ल्याङ्ग्वेज टेस्टस्,* इङ्लिस ल्याङ्ग्वेज बुक सोसाइटी, लङमेन्स ।